मितिः २०८० साल वैसाख ३ गते आइतवार बैठक नं १८

स्थानः माछापुच्छ्रे गाउँपालिकाको सभाहल ।

बैठकः गाउँ कार्यपालिकाको बैठक

अध्यक्षताः श्री मिन बहादुर गुरुङ्ग, गाउँपालिका अध्यक्ष, माछापुच्छ्रे गाउँपालिका

| हस्ताक्षर | नामथर | पद |
|---|---|---|
| | श्री मिन बहादुर गुरुङ्ग | अध्यक्ष |
| | श्री सिता अधिकारी | उपाध्यक्ष |
| | श्री वेदहरि अधिकारी | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री ईन्द्र गुरुङ्ग | वडा अध्यक्ष |
| | गणेश आचार्य | वडा अध्यक्ष |
| | श्री हरिश्चन्द्र लम्साल | वडा अध्यक्ष |
| | श्री मधुसुधन अधिकारी | वडा अध्यक्ष |
| | श्री नारायण प्रसाद पौडेल | वडा अध्यक्ष |
| | श्री टेकनाथ गौतम | वडा अध्यक्ष |
| | श्री वैकुण्ठ प्रसाद भण्डारी | वडा अध्यक्ष |
| | श्री राम बहादुर गुरुङ्ग | वडा अध्यक्ष |
| | श्री हरि वहादुर क्षेत्री | वडा अध्यक्ष |
| | श्री जमुना पुन | कार्यपालिका सदस्य |
| | श्री शर्मिला तामाङ्ग | कार्यपालिका सदस्य |
| | श्री श्रीदेवी विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री मन कुमारी तामाङ्ग | कार्यपालिका सदस्य |
| | श्री राजु सार्की | कार्यपालिका सदस्य |
| | श्री सुरेश परियार | कार्यपालिका सदस्य |

CamScanner

## मिति २०८०।०१।०३ को कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

**प्रस्ताव नं १ :** कार्यविधि सम्बन्धमा ।

**निर्णय नं १:** प्रस्ताव नं. १ माथि छलफल गर्दा "माछापुच्छ्रे गाउँपालकाको आर्थिक सहायता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२:** विभाज्य कोषमा रहेको रकम बाँडफाँट सम्वन्धमा ।

**निर्णय नं.२:** प्रस्ताव नं. २ उपर छलफल गर्दा मिति २०८०।०१।०३ सम्ममा गाउँपालिकाको विभाज्य कोष खातामा जम्मा भएको रकम रु २,६२,५५,४८५।-(अक्षरुपी दुई करोड बैसठ्ठी लाख पचपन्न हजार चार सय पचासी मात्र) मध्ये नियमानुसार गाउँपालिकाले खर्च लेख्न पाउने रकम गाउँपालिकाको सञ्चित कोषमा ट्रान्सफर गरी सो स्रोत सँग सम्वन्धित योजना तथा कार्यक्रमहरुमा खर्च गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३:** पर्यटकीय क्षेत्रहरुमा सहलगानीमा कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा ।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ उपर छलफल गर्दा **Sustainable Tourism for Livelihood Recovery Project (STLRP)** को मिति २०७९।१०।२६ को पत्र बमोजिम उक्त पत्रको क्र.सं. २ मा उल्लेखित "पदमार्गमा नयाँ काठे पुल निर्माण/ मर्मत सम्भार" कार्यक्रम र "पदमार्गमा फोहोर व्यवस्थापन प्रणाली निर्माण/मर्मत संभार" कार्यक्रममा गाउँपालिकाको ५० प्रतिशत सहलगानीमा सञ्चालनको लागि क्रमश रु ५,००,०००।-(अक्षरुपी पाँच लाख) र रु ७,५०,०००।-(अक्षरुपी सात लाख पचास हजार मात्र) आ.व. २०७९/०८० को गाउँपालिकाबाट विनियोजित गाउँपालिका भित्रका पर्यटन पदमार्गहरुको स्तरोन्नति तथा प्रवर्द्धन शीर्षकको रकमबाट रु ९,००,०००।-(अक्षरुपी नौ लाख मात्र) र फोहोर मैला व्यवस्थापन शीर्षकबाट रु ३,५०,०००।-(अक्षरुपी तीन लाख पचास हजार मात्र) व्यहोर्नेगरी उक्त संस्थालाई प्रतिवद्धता सहितको पत्र पठाउने निर्णय गरियो।

**प्रस्ताब नं ४ :** निजि जग्गा उत्खनन तथा कच्चा पदार्थ संकलनको राजस्व सम्वन्धमा ।

**निर्णय नं ४ :** यस गाउँपालिका अवस्थित तपशिल वमोजिमका क्रसरले कानुन वमोजिमको प्रक्रिया पुरा नगरी निजि जग्गा उत्खनन तथा कच्चा पदार्थ संकलन गरी गाउँपालिकामा राजस्व दाखिला नगरेको पाइएको हुँदा हाल सम्म उत्खनन तथा संकलन भएको कार्यको एक पटकको लागि निजहरुलाई तपशिल वमोजिमको राजस्व जम्मा गराउन निज क्रसरहरुलाई पत्राचार गर्ने सर्वसम्मतवाट निर्णय गरियो ।

यस निर्णय पश्चात यस किसिमको निजि जग्गा उत्खनन संकलन सम्वन्धि कार्यहरु प्रचलित कानुन वमोजिम भए नभएको विषयलाई यस पालिकावाट नियमित स्थलगत अवलोकन तथा अनुगमन गरीने र कानुन वमोजिमको प्रक्रिया पुरा गराई उत्खनन अनुमति दिएर मात्र निजि जग्गा उत्खनन गराईने सर्वसम्मतवाट निर्णय गरियो ।

निर्णय प्रमाणित।
०८०।०१।०३

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

तपशिल

| सि. नं | क्रसरको नाम | निजि जग्गा उत्खनन भएको स्थान | राजस्व दाखिला गर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| ०१ | गण्डकी एग्रिगेट प्रा लि, माछापुच्छ्रे ०४ कास्की | माछापुच्छ्रे ०४ चोरखोल्सा | ४० लाख | निजी जग्गा उत्खनन अनुमति विना गरेको |
| ०२ | सेती गण्डकी क्रसर उद्दोग प्रा लि , पोखरा २५ कास्की | माछापुच्छ्रे ०४ जल्कुनी | १५ लाख | निजि जग्गा उत्खनन अनुमति भन्दा बढीको परिमाण उत्खनन |
| ०३ | जे के क्रसर उद्दोग प्रा लि , पोखरा २५ कास्की | माछापुच्छ्रे ०३ खरिबोट | १० लाख | निजि जग्गा उत्खनन अनुमति भन्दा बढीको परिमाण उत्खनन |

प्रस्ताव नं ५: फेउसरका वराह क्रसर उद्दोग प्रा लि ले पेश गरेको बालुवा प्रशोधन उद्धोग स्थापनाका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सम्बन्धमा ।

निर्णय नं ५ : प्रस्तावकद्धारा पेश गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन उपर स्थलगत अवलोकन तथा निरीक्षण र कानूनी पक्षहरुको अध्ययन गर्न यस गाउँपलिकाको प्राविधिक समितिलाई जिम्मा लगाइएकोमा प्राविधिक समितिले मिति २०८० /०१/०३ गते यस कार्यालयलाई पेश गरेको प्रतिवेदन उपर छलफल हुँदा प्रस्ताव कार्यन्वयन हुने क्षेत्रमा कानुन बमोजिम पालना गर्नु पर्ने दुरी सम्बन्धी मापदण्ड पुरा नभएको पाइएको हुनाले प्रस्ताव कार्यन्वयन गर्ने स्थानको दुरी सम्वन्धि मापदण्ड पुरा भई आएको अवस्थामा मात्र स्वीकृतिको प्रकृया अगाडी बढाउने सर्वसम्मत बाट निर्णय गरियो ।

प्रस्ताव नं ६ : कोलचोक-रातोपानीपुल-भलावोट-पानपातेचौतारी-गाउँपालिका केन्द्र (लाहाचोक)-जोगिचौर-पातिखोला-भिडाबारी (एन्फा टेक्निकल सेन्टर)-गैरागाउँ-धिताल-धम्पुस देउराली सडक निर्माण सम्वन्धमा ।

निर्णय नं ६ : यस सडकको सडक खण्ड कोलचोक-रातोपानीपुल खण्ड भित्र पर्ने कोल्चोक-वडा कार्यालय - रातोपानी खण्ड समेत समेटने गरी निर्माण कार्य गराउन यस कार्यालयको भौतिक पुर्वाधार शाखालाई निर्देशन दिने सर्वसम्मत बाट निर्णय गरियो।

निर्णय प्रमाणित
८०/०१/०२
वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताब नं ७ : माछापुच्छ्रे गाउँपालिका भवन अभिलेखिकरण सम्वन्धी कार्यविधी २०७९ घर कायमको अभिलेखीकरण बमोजिमको राजस्व छुट सम्वन्धमा

निर्णय नं ७ : यस गाउँपलिकाको "माछापुच्छ्रे गाउँपालिका भवन अभिलेखिकरण सम्वन्धी कार्यविधी २०७९" को परिच्छेद ०४ को दफा ४ वमोजिम गाउँपालिकाको चालु आवको आर्थिक ऐन, को अनुसूची १६ मा घर कायमको अभिलेखीकरणको लागि तोकिएको करको दरलाई २५ प्रतिशत छुट यस आ व को असार मसान्त सम्म सुविधा थप गर्ने सर्वसम्मत बाट निर्णय गरियो ।

प्रस्ताव नं ८ : माछापुच्छ्रे गाउँपालिका भवन अभिलेखिकरण सम्वन्धी कार्यविधी २०७९ संसोधन सम्वन्धमा ।

निर्णय नं ८ : यस गाउँपलिकाको "माछापुच्छ्रे गाउँपालिका भवन अभिलेखिकरण सम्वन्धी कार्यविधी २०७९" मा लेखिएको "घर भत्काउन" शब्द संसोधन गरी "कानुन बमोजिम हुने" शब्द राख्ने सर्वसम्मत बाट निर्णय गरियो ।

प्रस्ताव नं. ९: बजार अनुगमन निर्देशिका संशोधन सम्वन्धमा ।

निर्णय नं. ९: प्रस्ताव नं. ९ उपर छलफल गर्दा माछापुच्छ्रे गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका,२०७५ को परिच्छेद-३ दफा ८ को उपदफा २ मा बजार अनुगमन टोली गठन देहाय बमोजिम हुनेगरी संशोधन गर्ने निर्णय गरियो ।

देहाय:

क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

ख) सम्वन्धित विषयगत क्षेत्रको प्रतिनिधि(उपलब्ध भएसम्म)- सदस्य

ग) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि- सदस्य

घ) उपभोक्ता हित संरक्षणमा क्रियाशील संस्था वा व्यक्तिहरुवाट मनोनित एक जना- सदस्य

ङ) स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि- सदस्य

च) पत्रकार महासंघ/संचारकर्मी एक जना- सदस्य

छ) प्रशासन शाखा प्रमुख- सदस्य सचिव

प्रस्ताव नं.१०: विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृति सम्वन्धमा ।

निर्णय नं. १०: प्रस्ताव नं. १० उपर छलफल गर्दा R.K.D.'S Engineering Consultancy, Pokhara-5, Parshyang ले तयार गरि यस माछापुच्छ्रे गाउँपालिकामा पेश गरेको " भिरकटेरा समिवगर- तीनघरे- माथिल्लो साउथर-तल्लो साउथर-माछापुच्छ्रे गाउँपालिका ४ नं. वडा कार्यालय विस्तृत परियोजना प्रतिवेदन " स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११: गाउँपालिकाको लोगो निर्माण सम्वन्धमा ।

निर्णय नं. ११: प्रस्ताव नं. ११ उपर छलफल गर्दा यस माछापुच्छ्रे गाउँपालिकाको महत्व र चिनारी झल्किने गरी लोगोको ढाँचा तयार गर्न १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने र प्राप्त ढाँचाहरुमध्ये कार्यपालिकाले सर्वोत्कृष्ट ठहर गरेको लोगोको ढाँचा निर्माणकर्तालाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित।
०८०।०१।०३
वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १२: स्थानीय तह स्तरीय भूमिहिन दलित-भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासी व्यवस्थापन सहजीकरण समिति सम्वन्धमा ।

निर्णय नं. १२: प्रस्ताव नं. १२ उपर छलफल गर्दा स्थानीय तह स्तरीय भूमिहिन दलित-भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासी व्यवस्थापन सहजीकरण समितिमा कार्यपालिका सदस्य श्री राजु सार्की र महिला सदस्य श्री मन कुमारी तामाङलाई मनोनित गर्ने तथा गाउँपालिकामा क्रियाशील राजनीतिक दलहरुलाई आ-आफ्नो दलको तर्फबाट १/१ जना प्रतिनिधि सदस्य चयन गरी पठाउँनको लागि पत्राचार गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १३: रंकम भुक्तानी सम्वन्धमा ।

निर्णय नं. १३: प्रस्ताव नं. १३ उपर छलफल गर्दा यस गाउँपालिकामा पेश भएका विभिन्न निवेदन, सिफारिस तथा गाउँपालिकाले आवश्यक ठानेका देहाय बमोजिमका व्यक्ति, संघसंस्था तथा कार्यक्रमका लागि देहाय बमोजिम रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**देहायः**

| क.सं. | व्यक्ति/संघसंस्था/कार्यक्रम | भुक्तानी रकम | भुक्तानीको स्रोत |
|---|---|---|---|
| १ | भेडावारी प्राथमिक स्वास्थ्य केन्द्र हुँदै वडा नं. ५ जाने झोलुङ्गे पुल नजिकैको भत्केको सडक मर्मत | प्राविधिक ईस्टिमेट बमोजिम | आवश्यकताका आधारमा सडक मर्मत सम्भार |
| २ | मर्दी हिमाल पदमार्गमा सुदिप स्मृति पार्क निर्माण –वडा नं. ९ | रु. ५,००,०००।- (अक्षरुपी पाँच लाख मात्र) | गाउँपालिका भित्रका पर्यटन पदमार्गहरुको स्तरोन्नति तथा प्रवर्द्धन |
| ३ | वडा नं. १ मा खोलानाला तटवन्धन | रु ७,००,०००।- (अक्षरुपी सात लाख मात्र) | नदि खोलानालामा तटवन्ध निर्माण |
| ४ | वडा नं. ५ मा मर्दि खोला नियन्त्रणको लागि तटवन्धन | रु ७,००,०००।- (अक्षरुपी सात लाख मात्र) | |
| ५ | वडा नं. ८ मा खोलानाला नियन्त्रण | रु ८,००,०००।- (अक्षरुपी आठ लाख मात्र) | |
| ६ | वडा नं. ९ मा सेतीखोला नियन्त्रण | रु ८,००,०००।- (अक्षरुपी आठ लाख मात्र) | |

निर्णय प्रमाणित

०८०।०१।०३

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १८ | चलचित्र पत्रकार संघ नेपाल, कास्की शाखा | रु ३०,०००।- (अक्षरुपी तीस हजार मात्र) | अन्य संघ संस्था सहायता |
| १९ | नेपाल खेलकुद पत्रकार मञ्च, गण्डकी | रु २०,०००।- (अक्षरुपी बीस हजार मात्र) | अन्य संघ संस्था सहायता |
| २० | स्वावलम्वन जीवन पद्धति केन्द्र पोखरा (अपाङ्गता भएका व्यक्तिहरुका लागि जनचेतनामूलक ह्विलचियर बास्केटबल आयोजनाको लागि) | रु २०,०००।- (अक्षरुपी बीस हजार मात्र) | अन्य संघ संस्था सहायता |
| २१ | टाइगर ग्रुप अफ पोखरा, नेपाल | रु ३०,०००।- (अक्षरुपी तीस हजार मात्र) | अन्य संघ संस्था सहायता |

प्रस्ताव नं. १४: असिना पानीको कारणबाट धान खेती क्षतिको राहत वितरण सम्वन्धमा ।

निर्णय नं. १४: प्रस्ताव नं. १४ माथि छलफल गर्दा मिति २०८०।०१।०३ को वन वातावरण विपद व्यवस्थापन समितिको बैठकको सिफारिस बमोजिम मिति २०७९ साल कार्तिक २५ गते परेको पानी र असिनाको कारणले उब्जनी भित्र्याउने अवस्थाको धान खेती वडा नं. ५, ६ र ८ मा क्षती भएकोले सो को लागि राहत प्रदान गर्न कृषि विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०७९ बमोजिम जैविक/प्राकृतिक प्रकोपबाट बाली क्षति भएका कृषकहरुलाई राहत शीर्षकबाट खर्च लेख्नेगरी प्रति रोपनी क्षतिको रु ४२७.७६ का दरले बढीमा १५ रोपनी सम्मको राहत १७२ जना कृषकलाई उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. १५: सिँचाई पाइप, खानेपानी पाइप, जस्तापाता, तारजाली खरिद प्रक्रिया अगाडी बढाउने सम्बन्धमा ।

निर्णय नं. १५: प्रस्ताव नं. १५ उपर छलफल गर्दा गाउँपालकाको विनियोजन ऐन, २०७९/०८० बमोजिम सिँचाई पाइप, खानेपानी पाइप, जस्तापाता तथा तारजाली खरिदमा विनियोजित वजेटबाट आवश्यकता पहिचान गरि नियमानुसार खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १६: शिक्षा समितिबाट पेश भएको निर्णय अनुमोदन सम्वन्धमा ।

निर्णय नं. १६: प्रस्ताव नं. १६ उपर छलफल गर्दा शिक्षा समितिको बैठक नं. ८ मिति २०८०।०१।०२ को बैठकबाट भएको देहाय बमोजिमको निर्णय अनुमोदनको लागि पेश भएकोमा देहायका निर्णयहरु अनुमोदन गर्ने ।

<u>देहाय</u>

क) सामुदायिक विद्यालय समायोजन तथा मिलान कार्यविधि, २०८० पारित गर्ने ।सोही कार्यविधिका आधारमा शैक्षिक सत्र २०८० का लागि निम्न बमोजिम विद्यालय समायोजन तथा मिलान गर्ने ।

निर्णय प्रमाणित ।
२०८०।०१।०३

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रहेको अवस्थामा जुनसुकै समयमा पनि समायोजन गर्न सकिने । |
| ७ | श्री जनजागरण सामुदायिक आधारभूत विद्यालय | माछापुच्छ्रे - ४,लाहाचोक | कक्षा १-५ | कक्षा १-४ | कक्षा ५ अनुमति नभएकोले सञ्चालन नगर्न निर्देशन गर्ने |
| ८ | श्री भूमेश्वर आधारभूत विद्यालय | माछापुच्छ्रे - ६, अस्ताम | कक्षा १-८ | कक्षा १-८ | शैक्षिक सत्र २०८० को लागि परीक्षणमा राख्ने तर विद्यार्थी संख्या अति न्यून रहेको अवस्थामा जुनसुकै समयमा पनि समायोजन गर्न सकिने । |
| | नोट : समायोजन भएका विद्यालका शिक्षकहरुलाई गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा आवश्यकताका आधारमा सरुवा गरी दरबन्दी मिलान गर्ने । | | | | |

ख) जनप्रतिनिधि, कर्मचारी र शिक्षक बीचको मैत्रीपूर्ण खेलकुद कार्यक्रममा भएको खर्च विनियोजित रकमभन्दा बढी देखिएकोमा नपुग रकम शिक्षा तर्फको स्काउट कार्यक्रम शीर्षकको रकमबाट भुक्तानी गर्नेगरी खर्च भएको रकम अनुमोदन गर्ने ।

निर्णय प्रमाणित।

०८०।०५।०३

वेदहरि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत